Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI : https://doi.org/10.3126/anweshan.v7i01.95051
Research Article
ISSN: 3021-9035 Print

# नेपालमा नारीवादी विमर्शको चिन्तन

✍प्रतिभा रोका
*rokayaprateeva22qi@gmail.com*

## लेखसार

नेपालमा नारीवादी विमर्शको विकासले परम्परागत पितृसत्तात्मक संरचना, सामाजिक–राजनीतिक परिवर्तन र समानताको आकाङ्क्षाबिचको गतिशील अन्तर्क्रियालाई प्रतिबिम्बित गर्दछ। यो अध्ययनले नारीवादी विचारधारा तथा आन्दोलनले नेपालमा कानुनी संरचना, लोकतान्त्रिक रूपान्तरण प्रक्रिया र लैङ्गिक न्यायका अवधारणालाई पुनर्परिभाषित गर्न खेलेको निर्णायक भूमिकाको विश्लेषण गर्दछ। अन्तरसम्बन्धीय नारीवादको दृष्टिकोणमा आधारित यो अनुसन्धानले ऐतिहासिक विकासक्रम, नीतिगत सुधार र निरन्तर भइरहेका समाज–राजनीतिक पहलको समीक्षामार्फत महिला अधिकार, सामाजिक मान्यता र लैङ्गिक मुक्तिको अभियानलाई व्याख्या गरेको छ। प्रारम्भिक राजनीतिक सहभागिता र संवैधानिक वकालतदेखि डिजिटल युगको सक्रियता तथा सीमान्तकृत समुदायद्वारा नेतृत्व गरिएका समावेशी अभियानसम्म, नेपालको नारीवादी परिदृश्यले एकातिर उल्लेखनीय उपलब्धि उजागर गर्छ भने अर्कोतिर दीर्घकालीन संरचनागत अवरोधलाई पनि स्पष्ट पार्दछ। नेपालमा वास्तविक लैङ्गिक मुक्ति सुनिश्चितत गर्न केवल कानुनी समानता मात्र पर्याप्त हुँदैन, त्यसका लागि समानुपातिक मान्यता, सहभागितामूलक न्याय, रूपान्तरणकारी सामाजिक–राजनीतिक पुनर्संरचना, सारभूत सशक्तीकरण र निरन्तर नारीवादी संलग्नता अपरिहार्य रहन्छ।

✍ *लेखक अधिवक्ता र Research Scholar हुनुहुन्छ।*

## शब्दकुञ्जी

नारीवाद, लैङ्गिक मुक्ति, महिला अधिकार, संवैधानिक व्यवस्था, लैङ्गिक न्याय।

## विषय प्रवेश

नारीवादले आफ्नो वैचारिक र व्यावहारिक आयाममा एकातर्फ सशक्त वैचारिक रूपरेखा प्रस्तुत गर्छ भने अर्कोतर्फ सामाजिक रूपान्तरणका लागि प्रेरित गर्ने परिवर्तनमुखी आन्दोलनको रूपमा विकसित भएको छ। यसको मूल उद्देश्य लैङ्गिक असमानतामा आधारित ऐतिहासिक र संरचनागत पदानुक्रमलाई चुनौती दिनु तथा त्यसको विघटन गर्नु हो। नारीवादले मानव जीवनका सबै क्षेत्र—सामाजिक, आर्थिक, राजनीतिक, कानुनी र सांस्कृतिक आयाममा महिलामाथि ऐतिहासिक रूपमा कायम रहेको अधीनस्थता र असमानताको समालोचनात्मक समीक्षा गर्दै गरिमा, स्वायत्तता र न्यायमा आधारित समानतामूलक समाजको परिकल्पना प्रस्तुत गर्दछ (बियस्ली, सन् १९९९, पृ.२७)। नारीवाद कुनै एकरूप सिद्धान्त होइन बरु यसभित्र विभिन्न वैचारिक धारा समावेश छन्। उदार नारीवाद, उग्रनारीवाद, मार्क्सवादी नारीवाद, उत्तरसंरचनावादी दृष्टिकोण, पारिस्थितिक नारीवाद तथा अन्तरसम्बन्धीय नारीवादजस्ता विविध सैद्धान्तिक परिप्रेक्ष्यले पितृसत्तात्मक संरचनाको फरकफरक कोणबाट विश्लेषण गर्दै लैङ्गिक न्यायप्राप्तिका लागि भिन्न रणनीति प्रस्ताव गर्छन् (टङ, सन् २००९, पृ.१—३)। बेल हुक्स (सन् २०००) ले नारीवादलाई ‘लैङ्गिक भेदभाव, त्यसबाट

हुने शोषण तथा दमन अन्त्य गर्ने आन्दोलन' को रूपमा परिभाषित गर्दै यसलाई पुरुष विरोधी नभई लैङ्गिक भेदभाव विरोधी सामाजिक आन्दोलनका रूपमा स्पष्ट पार्छिन् । पितृसत्तात्मक संरचनाको व्यापक प्रभावबारे चर्चा गर्दै सिल्भया वाल्बी (सन् १९९०) ले पितृसत्तालाई 'त्यस्तो परस्पर सम्बन्धित सामाजिक संरचनाको प्रणाली, जसको माध्यमबाट पुरुषले महिलामाथि प्रभुत्व, शोषण र दमन कायम गर्छन्' भनेर व्याख्या गरेकी छिन् । यस अर्थमा नारीवाद यस्तो प्रतिरोधात्मक तथा प्रत्युत्तरात्मक शक्ति हो, जसले यी प्रभुत्वशाली संरचनालाई चुनौती दिनुका साथै शक्ति, पहिचान र सामाजिक सम्बन्धको आधारभूत संरचनालाई पुनःपरिकल्पना गर्ने प्रयास गर्दछ। यस सैद्धान्तिक परिप्रेक्ष्यभित्र लैङ्गिक न्यायसमानतामूलक व्यवहार र अधिकारको सुनिश्चिततत‌तामा आधारित एक महत्त्वपूर्ण मानक लक्ष्यका रूपमा उभिन्छ ।

युएन वुमनका अनुसार लैङ्गिक न्यायले संरचनागत अवरोध, कानुनी असमानता र विभेदकारी अभ्यासको अन्त्य गर्दै सार्वजनिक नीति तथा सामाजिक सहभागिताका सबै क्षेत्रमा समान अधिकार, अवसर, दायित्व र पहुँच सुनिश्चितत गर्नुपर्ने आवश्यकता औँल्याउँछ (युएन वुमन, सन् २०१९, पृ.९) । यसले लैङ्गिक पहिचानसँगै वर्ग, जात, जातीयता, क्षमता, यौनिकताजस्ता अन्य पहिचानात्मक आयामसँगको अन्तरसम्बन्धलाई पनि स्वीकार गर्छ। समानताको सामान्य विमर्शभन्दा पर लैङ्गिक मुक्तिको अवधारणाले शक्ति सम्बन्ध र संस्थागत संरचनाको गहिरो तथा रूपान्तरणकारी पुनर्संरचनाको माग गर्दछ । न्यान्सी फ्रेसर (सन् १९९७) ले 'पार्टीसिप्याटोरी प्यारिटी' अर्थात् सहभागी समानताको अवधारणा प्रस्तुत गर्दै समाजमा कुनै पनि व्यक्ति संस्थागत अधीनस्थताबाट मुक्त भएर समान हैसियतका साथ सामाजिक जीवनमा सहभागिता जनाउन सक्ने अवस्थालाई आवश्यक सर्तका रूपमा उल्लेख गर्छिन् । उनका अनुसार वास्तविक लैङ्गिक मुक्ति केवल कानुनी समानताले मात्र सम्भव हुँदैन, त्यसका लागि विद्यमान शक्ति संरचनाको आधारभूत पुनर्संरचना आवश्यक हुन्छ, जसबाट सबै व्यक्ति सामाजिक तथा राजनीतिक दुवै क्षेत्रमा समान रूपमा सहभागी हुन सक्षम हुन्छन् (फ्रेसर, १९९७, पृ.१६) । यस दृष्टिकोणले स्पष्ट पार्छ कि लैङ्गिक मुक्ति केवल प्रतीकात्मक समावेशन वा औपचारिक प्रतिनिधित्वमा सीमित हुँदैन । यसको लक्ष्य भनेको व्यापक संरचनात्मक रूपान्तरणमार्फत महिला तथा अन्य सीमान्तकृत लैङ्गिक पहिचानलाई सामाजिक परिवर्तनका सक्रिय र प्रभावकारी अभिकर्ताको रूपमा स्थापित गर्नु हो । उत्तरऔपनिवेशिक तथा विश्व दक्षिणका सन्दर्भमा, विशेष गरी नेपालजस्ता समाजमा, नारीवादी सङ्घर्षलाई स्थानीय इतिहास, सांस्कृतिक जटिलता तथा दीर्घकालीन संरचनात्मक हिंसाका आयामसँग जोडेर बुझ्न आवश्यक हुन्छ ।

नेपालमा नारीवाद केवल कानुनी सुधारको मागमा सीमित छैन तथा यसले राजनीतिक आवाजको स्थापना, सामाजिक मान्यता, आर्थिक न्याय तथा शारीरिक स्वायत्तताको दाबी गर्ने व्यापक मुक्ति–परियोजनालाई समेट्छ । नारीवादी दार्शनिक उमा नारायण (सन् १९९७) ले पश्चिमी नारीवादी अवधारणालाई सार्वभौमिक रूपमा लागु गर्ने प्रवृत्तिप्रति सावधानी अपनाउन आग्रह गर्दै नारीवादी लक्ष्यलाई स्थानीय वास्तविकता तथा सांस्कृतिक रूपमा विशिष्ट दमन र प्रतिरोधका कथासँग सन्दर्भित गर्नुपर्ने आवश्यकता औँल्याउँछिन् । यस परिप्रेक्ष्यमा नारीवाद केवल मुक्ति बुझ्ने वैचारिक दृष्टिकोण मात्र नभई जीवन्त अनुभव, सामूहिक प्रतिरोध र सामाजिक परिवर्तनसँग जोडिएको रूपान्तरणकारी अभ्यास हो, जसको उद्देश्य पितृसत्तात्मक संरचनाको विघटन गर्दै समावेशी, न्यायपूर्ण र लोकतान्त्रिक सामाजिक संरचना निर्माण गर्नु हो (मोहन्ती, सन् २००३, पृ.७ र नारायण, सन् १९९७, पृ.११) ।

## *सीमाङ्कन र समस्या*

प्रस्तुत अध्ययन नारीवादी विचारधारा तथा नेपालमा नारीवादी विमर्शको वास्तविक विकासक्रममा केन्द्रित रही स्वयम्लाई सीमित गरेको छ । नेपालमा नारीवादको वास्तविक अर्थ, यसको वैचारिक आधार, उपयोगिता तथा

सामाजिक–राजनीतिक महत्त्वसम्बन्धी पर्याप्त ज्ञान, जानकारी र गहन बुझाइको अभाव रहँदा नारीवादको वास्तविक मर्म, उद्देश्य तथा यसको परिवर्तनकारी भूमिकालाई सही रूपमा आत्मसात गर्न कठिनाइ उत्पन्न भएको अवस्था विद्यमान छ । यसकारण नारीवादी विमर्शलाई अनेकौँ भ्रम, पूर्वाग्रह तथा सीमित दृष्टिकोणबाट हेर्ने प्रवृत्तिसमेत देखिएको पाइन्छ । अतः प्रस्तुत अध्ययनले नेपालमा नारीवादी विमर्शको विकासक्रम, यसको वैचारिक सार तथा सामाजिक यथार्थसँगको अन्तर्सम्बन्धलाई सम्यक् रूपमा विश्लेषण गर्ने प्रयास गरेको छ।

## अध्ययनविधि

यस अध्ययनले समालोचनात्मक व्याख्यात्मक विश्लेषणमा आधारित गुणात्मक अनुसन्धान रूपरेखा अवलम्बन गरेको छ । अनुसन्धानका लागि विद्यमान शैक्षिक साहित्य, प्रचलित कानुनी संरचना र विकसित हुँदै गएका नारीवादी विमर्शलाई मुख्य स्रोतका रूपमा उपयोग गरिएको छ। अध्ययनले सिद्धान्तात्मक अनुसन्धान ढाँचा अपनाउँदै नेपालका सामाजिक–कानुनी परिवेशभित्र विद्यमान लैङ्गिक सम्बन्ध र शक्ति संरचनालाई प्रभावित गर्ने नारीवादी दृष्टिकोण तथा सैद्धान्तिक बहसको समालोचनात्मक विमर्श विश्लेषण गरेको छ । अध्ययनमा संवैधानिक प्रावधान, कानुनी व्यवस्था, नीतिगत दस्तावेज तथा अन्य मानक स्रोतको विश्लेषणसँगै द्वितीयक स्रोतबाट प्राप्त तथ्यगत सामग्रीको समेत समालोचनात्मक समीक्षा गरिएको छ। यसरी सैद्धान्तिक तथा तथ्यगत सामग्रीको समन्वित विश्लेषणमार्फत नेपालमा महिलाको सामाजिक–कानुनी अवस्थाको वस्तुनिष्ठ र विश्लेषणात्मक मूल्याङ्कन प्रस्तुत गर्नुका साथै नेपालमा लैङ्गिक न्यायको विकासक्रम तथा त्यसका समकालीन प्रवृत्तिको समग्र विश्लेषण प्रदान गर्ने उद्देश्य राखिएको छ।

## नेपालमा नारीवादी संलग्नता

नेपालमा नारीवादी सक्रियता र वैचारिक विमर्श ऐतिहासिक परिवर्तन, सांस्कृतिक विशिष्टता र सामाजिक–राजनीतिक रूपान्तरणका जटिल अन्तर्सम्बन्धबाट क्रमशः विकसित हुँदै आएको छ। यहाँ नारीवाद कुनै एकरूप वा एक मात्र स्वरूपमा सीमित अवधारणा नभई बहुआयामिक, बहुलतावादी तथा सन्दर्भ–विशिष्ट अभ्यास र विमर्शको समष्टि हो, जुन देशको ऐतिहासिक विरासत, आन्तरिक सामाजिक–राजनीतिक प्रक्रिया र अन्तर्राष्ट्रिय नारीवादी प्रभावसँग अन्तर्क्रियात्मक रूपमा विकसित भएको देखिन्छ (भट्टचन, सन् २००१, पृ.१५–१८) । नेपालको नारीवादी आन्दोलन महिलाले दीर्घकालदेखि सामना गर्दै आएका संरचनागत विभेद, पितृसत्तात्मक प्रभुत्व र सामाजिक–आर्थिक सीमान्तीकरण विरुद्धको प्रतिरोधबाट क्रमशः विकसित भएको हो। यो आन्दोलनको विकासमा स्थानीय सामाजिक सङ्घर्ष र विश्वव्यापी नारीवादी विचारधारा दुवैले महत्त्वपूर्ण प्रभाव पारेका छन् । नेपाली नारीवादी आन्दोलन जात, जातीयता, क्षेत्र, धर्म, भाषा र वर्गजस्ता बहुआयामिक पहिचान भएका महिलाको अनुभव र सङ्घर्षसँग गहिरो रूपले जोडिएका छन्। यी विविध पहिचानका महिलाले निजी तथा सार्वजनिक दुवै क्षेत्रमा विद्यमान अधीनस्थता र विभेदलाई सामूहिक रूपमा चुनौती दिएका छन्।

नेपालको नारीवादी आन्दोलनलाई एकरूप वा समान अनुभवका आधारमा बुझ्न सम्भव छैन। किनकि यसले जनजाति, दलित, मधेसी, मुस्लिम र ग्रामीण समुदायका महिलालगायतका विविध सामाजिक समूहको जीवन्त अनुभव समेट्छ, जसले आआफ्नो सन्दर्भमा फरकफरक प्रकारका दमन, बहिष्करण तथा संरचनागत असमानतासँग जुधिरहेका छन् (तामाङ, सन् २००९, पृ.६१–६६; शर्मा र प्रधान, सन् २००४, पृ.७–११)। यसैले नेपालमा नारीवादी प्रतिक्रियाले लैङ्गिक हिंसा, सामाजिक कलङ्क, संरचनागत मौनता तथा संस्थागत असमानता विरुद्ध बहुआयामिक सङ्घर्षको रूप लिएको छ, जसले समयक्रमसँगै महिलाका आवाज, स्थान, पहिचान तथा शक्ति पुनःअधिग्रहण गर्ने प्रयासलाई सुदृढ बनाएको छ। नेपालका महिलाले केवल लोकतान्त्रिक आन्दोलन अथवा राष्ट्रनिर्माणका व्यापक

कार्यक्रममा सहयोगी भूमिका मात्र निर्वाह गरेका छैनन्, उनीहरूले ती प्रक्रियालाई सक्रिय रूपमा दिशाप्रदान गर्ने तथा रूपान्तरण गर्ने महत्त्वपूर्ण भूमिका खेलेका छन् । महिलाको सक्रिय सहभागिताले सार्वजनिक विमर्शलाई पुनःसंरचित गर्न, नीतिगत सुधारको माग उठाउन तथा सामाजिक–सांस्कृतिक धारणामा परिवर्तन ल्याउन महत्त्वपूर्ण योगदान दिएको छ। यो योगदान विशेषतः सङ्क्रमणकालीन राजनीतिक प्रक्रिया, जस्तै– संविधान निर्माण, शान्ति निर्माण तथा स्थानीय तहमा भएका जनआन्दोलन र समुदायमा आधारित सङ्गठित पहलमा स्पष्ट रूपमा देख्न सकिन्छ (मानचन्द, सन् २००१, पृ.२०) । नेपालमा नारीवादी संलग्नता प्रायः प्रतीकात्मक वा औपचारिक समावेशिताभन्दा धेरै अगाडि बढेर समाज, राजनीति र संस्थागत संरचनाभित्र गहिरो र दीर्घकालीन संरचनात्मक परिवर्तनको मागतर्फ उन्मुख भएको छ। त्यसैले नेपालमा नारीवादलाई स्थिर वा निश्चितत अवधारणाका रूपमा नभई निरन्तर प्रतिरोध, समालोचनात्मक संवाद तथा लैङ्गिक शक्तिसम्बन्धको पुनर्संरचनामा आधारित गतिशील र विकासशील सामाजिक अभ्यासका रूपमा बुझ्न आवश्यक छ। यस दृष्टिकोणले परम्परागत कानुनमुखी दृष्टिकोण तथा अधिकारकेन्द्रित विमर्शलाई चुनौती दिँदै नारीवादी चिन्तनलाई सारभूत लैङ्गिक न्यायको स्थापना, समान आर्थिक वितरण, अर्थपूर्ण सामाजिक मान्यता र व्यक्तिगत र सामूहिक स्वायत्तताको सुदृढीकरणतर्फ विस्तार गर्दछ।

यस सन्दर्भमा नेपालको परिप्रेक्ष्यमा लैङ्गिक मुक्ति व्यापक र समग्र दृष्टिकोणसँग सम्बन्धित अवधारणा हो। यसले समान प्रतिनिधित्वको मागलाई मात्र समेट्दैन बरु लैङ्गिक संरचनाको औपनिवेशिक प्रभावमुक्त पुनर्संरचना, पितृसत्तात्मक मान्यताको विघटन र नारीवादी नैतिकतामा आधारित समावेशी विकासको खोजलाई पनि समेट्छ। यस प्रकारको व्यापक नारीवादी रूपरेखाले नीतिनिर्माणको तहदेखि समुदायस्तरका आन्दोलनसम्म निरन्तर प्रेरणा प्रदान गर्दै आएको छ। यसले केवल राज्य तथा संस्थागत संरचनालाई मात्र होइन, लैङ्गिक अधीनस्थता कायम राख्ने सांस्कृतिक अभ्यासलाई समेत चुनौती दिँदै समावेशी, न्यायपूर्ण र रूपान्तरणमुखी सामाजिक संरचना निर्माणको दिशामा महत्त्वपूर्ण बहस र पहललाई अघि बढाइरहेको छ (मोहन्ती, सन् २००३, पृ.१५–४५; नारायण, सन् १९९७, पृ.३६९–४१२)।

## *नेपालमा नारीवादी सङ्घर्षको विकासक्रम*

नेपालका महिलाले दीर्घकालदेखि सामाजिक–राजनीतिक दमन तथा संरचनागत लैङ्गिक अन्याय विरुद्ध उल्लेखनीय धैर्य, दृढता र साहसका साथ प्रतिरोध गर्दै आएका छन्। नेपालमा महिला मुक्ति र अधिकार प्राप्तिको आन्दोलन कुनै नयाँ परिघटना होइन, यसको जरा ऐतिहासिक अनुभवमा गहिरोसँग गाडिएको छ, जहाँ महिलाले साम्राज्यवाद, असमानता र सामाजिक विभेदका विरुद्ध साहसका साथ आवाज उठाएका थिए। सन् १८१४ मा भएको एङ्ग्लो–नेपाल युद्ध, जसलाई ब्याटल अफ नालापानी प्रतिरोधका रूपमा पनि चिनिन्छ, त्यस सिलसिलामा नेपाली महिलाले सैनिकसँगै उभिएर ब्रिटिस उपनिवेशवादी हस्तक्षेप विरुद्ध आफ्नो स्वाधीनताको रक्षा गरेका थिए (कुँवर, २०१३,पृ.११)। नेपालको प्रारम्भिक सामाजिक सुधार र नारीवादी चेतनाको इतिहासमा योगमाया न्यौपानेजस्ता व्यक्तित्वको महत्त्वपूर्ण भूमिका रहेको छ । बिसौँ शताब्दीको प्रारम्भमा उनले पितृसत्तात्मक तथा जातीय विभेदमा आधारित हिंसा विरुद्ध सामाजिक आन्दोलनको नेतृत्व गर्दै सामाजिक न्याय र लैङ्गिक समानताको पक्षमा सशक्त अभियान सञ्चालन गरेकी थिइन् । त्यस्तै रेवन्ता कुमारी, दिव्या कोइराला, स्नेहलता, गङ्गामाया तथा चन्द्रमायालगायतका महिलाले पनि समाजमा जरा गाडेर बसेका विभेदकारी अभ्यास विरुद्ध आवाज उठाउँदै नेपालको नारीवादी चेतनाको विस्तारमा महत्त्वपूर्ण योगदान दिएका थिए (कुँवर, २०१३, पृ.१४)।

नेपालमा अन्तर्राष्ट्रिय महिला दिवस मनाइने परम्परा २०३४ (सन् १९७७) सालदेखि सुरु भएको थियो, जसको

नेतृत्व प्रख्यात साहित्यकार तथा सामाजिक अभियन्ता पारिजातले गरेकी थिइन्। यसले महिलाको सामूहिक पहिचान र राजनीतिक सक्रियताको अभिव्यक्तिलाई प्रतीकात्मक रूपमा सुदृढ बनायो। २०३८ सालसम्म आइपुग्दा यस दिवसलाई राष्ट्रिय स्तरमा मनाउन थालियो, जहाँ समान कामका लागि समान पारिश्रमिक, मातृत्व सुरक्षासम्बन्धी अधिकार तथा महिलाका सामाजिक–राजनीतिक मुद्दाको मान्यताजस्ता मागलाई प्रमुख रूपमा उठाइयो (थापा, २०२०, पृ.४५)। यस अवधिमा विद्यार्थी आन्दोलन, किसान विद्रोह तथा संवेदनशील राजनीतिक घटनाहरू, जस्तै– छिन्ताङ र पिस्कर घटनामा महिलाको सक्रिय सहभागिता देखिएको थियो। यस्ता आन्दोलनमा महिलाको भूमिका परिवर्तनकारी भए पनि निर्णय प्रक्रियामा उनीहरूको सहभागिता भने सीमित रहन गएको देखिन्छ (श्रेष्ठ, २०१७, पृ.८)।

स्थानीय निर्वाचनमा प्रत्येक वडामा कम्तीमा एक महिला प्रतिनिधि अनिवार्य गर्ने व्यवस्था २०५४ सालमा लागु हुनु महिला राजनीतिक प्रतिनिधित्व विस्तारका दृष्टिले महत्त्वपूर्ण सुधार मानिन्छ। त्यसैगरी २०५८ (सन् २००१) सालमा मुलुकी ऐनको एघारौँ संशोधनले महिलाका अधिकारसम्बन्धी ऐतिहासिक कानुनी परिवर्तन ल्यायो। यस संशोधनमार्फत अविवाहित छोरीलाई पैतृक सम्पत्तिमा अधिकार, विधवाका उत्तराधिकार अधिकार, सम्बन्धविच्छेद तथा गर्भपतनसम्बन्धी कानुनी मान्यताका साथै लैङ्गिक हिंसा विरुद्ध दण्डात्मक व्यवस्थाजस्ता महत्त्वपूर्ण प्रावधान समावेश गरिएका थिए (मानन्धर, २००२, पृ.६)। यसै वर्ष २०५८ फागुन २४ मा राष्ट्रिय महिला आयोगको स्थापना गरिएको थियो, जसको मुख्य उद्देश्य महिलासम्बन्धी कानुनी मस्यौदा तयार पार्नु तथा महिलाका अधिकारको कार्यान्वयनको अनुगमन गर्नु थियो। यद्यपि यसलाई संवैधानिक निकायको रूपमा उन्नयन गर्ने माग भने पछि आएर २०७२ सालको संविधानअन्तर्गत मात्र पूरा भएको थियो। २०६३ जेठ ४ (जुन १९, २००६) मा पुनःस्थापित संसद्ले गरेको ऐतिहासिक घोषणामार्फत राजतन्त्रको औपचारिक अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरियो, जसले नेपालको शासन प्रणालीमा ऐतिहासिक रूपान्तरण ल्यायो। त्यसको दुई दिनपछि जेठ ६ गते प्रस्तुत गरिएको सार्वजनिक महत्त्वको चारबुँदे प्रस्तावले लैङ्गिक न्यायसँग सम्बन्धित महत्त्वपूर्ण माग उठायो, जसमा मातृपक्षबाट नागरिकता प्रदान गर्ने व्यवस्था, सम्पत्तिमा समान अधिकार, कम्तीमा एकतिहाइ राजनीतिक प्रतिनिधित्व र विभेदकारी कानुनको उन्मूलन समावेश थिए। उक्त प्रस्ताव जेठ १६ गते सर्वसम्मत पारित भएको थियो, जुन नेपालको नारीवादी आन्दोलनको इतिहासमा महत्त्वपूर्ण मोडका रूपमा मानिन्छ (तामाङ, २००९, पृ.६१–६६)। दीर्घकालीन सङ्घर्ष, निरन्तर पैरवी र सामाजिक आन्दोलनको परिणामस्वरूप २०७२ (सन् २०१५) सालमा जारी भएको नेपालको संविधान– २०७२ ले महिलाले लामो समयदेखि उठाउँदै आएका धेरै अधिकारको औपचारिक मान्यता प्रदान गऱ्यो। यसमा समान वंश अधिकार, प्रजनन् अधिकार र समावेशी राजनीतिक प्रतिनिधित्वजस्ता महत्त्वपूर्ण प्रावधान समावेश भए तथापि आमाबाट नागरिकता प्राप्त गर्ने अधिकार तथा स्वतन्त्र व्यक्तिगत पहिचानको पूर्ण मान्यताजस्ता केही गम्भीर विषय अझै समाधान हुन बाँकी रहेका छन् (पौडेल र तामाङ, सन् २०१५, पृ.४२)। यद्यपि यी चुनौती विद्यमान रहे पनि नेपालको महिला आन्दोलनले लैङ्गिक समानता स्थापना गर्ने आधारभूत संरचना निर्माण गर्न महत्त्वपूर्ण योगदान दिएको छ। आज पनि यो आन्दोलन संरचनागत असमानता विरुद्ध चुनौती प्रस्तुत गर्दै लोकतान्त्रिक मूल्यको संरक्षण र लैङ्गिक न्यायको प्रवर्द्धनका लागि सशक्त सामाजिक शक्तिका रूपमा निरन्तर विकसित हुँदै गएको छ।

### *महिलामा राजनीतिक चेतनाको उदय (सन् १९५१ पूर्व)*

नेपालमा नारीवादी चेतनाको प्रारम्भिक स्वरूप राणाशासन विरुद्धका राजनीतिक आन्दोलनसँग जोडिएको

पाइन्छ, जहाँ कठोर सामाजिक–राजनीतिक प्रतिबन्धका बाबजुद महिलाले राष्ट्रिय आन्दोलनमा आफ्नो सहभागिता र सक्रियता प्रदर्शन गरेका थिए। यद्यपि पितृसत्तात्मक इतिहास लेखनका कारण महिलाको योगदान प्रायः ओझेलमा परेको देखिन्छ। यस चरणले परम्परागत लैङ्गिक मान्यतामा महत्त्वपूर्ण वैचारिक विच्छेदको आधार तयार गर्‍यो (आचार्य, सन् २०१०, पृ.९७)। सङ्गठित नारीवादी आन्दोलनको अभाव रहे तापनि यो अवधि बहिष्करण विरुद्धको प्रतिरोधात्मक चेतनाको प्रारम्भिक चरणका रूपमा रहेको मानिन्छ।

## प्रजातान्त्रिक खुलापन र महिला सङ्गठनको उदय (सन् १९५१-१९९०)

२००७सालपछि बहुदलीय प्रजातन्त्र स्थापना भएपछि राज्यसम्बद्ध महिला सङ्गठनको विकास भयो, जसमध्ये नेपाल महिला सङ्घ प्रमुख थियो। यस अवधिमा महिलाको नागरिक सहभागिताका लागि संस्थागत अवसर सृजना भए पनि आन्दोलन प्रायः पितृसत्तात्मक राजनीतिक संरचनाद्वारा सीमित रह्यो। आलोचकले यो चरणलाई संरचनागत लैङ्गिक रूपान्तरणभन्दा पनि मातृत्वकेन्द्रित कल्याणकारी दृष्टिकोणमा केन्द्रित रहेको अवधिका रूपमा व्याख्या गरेका छन् (कार्की र सेडन, सन् २००३, पृ.४९५)। जात, वर्ग र लैङ्गिक असमानताका गहिरा संरचनागत प्रश्न यो समयमा पर्याप्त रूपमा उठाइएनन्।

## *तल्लोतहको आन्दोलन र पहिचानकेन्द्रित नारीवाद (१९९०-२००६)*

२०४७ सालको संविधानले लैङ्गिक समानताको कानुनी प्रतिबद्धता स्थापित गरे तापनि कार्यान्वयन पक्ष कमजोर रह्यो। यस अवधिमा दलित, जनजाति र मधेसी समुदायका महिलाको नेतृत्वमा तल्लो तहको नारीवादी आन्दोलन विस्तार भयो, जसले परम्परागत काठमाडौँ केन्द्रित र उच्च जातीय महिला नेतृत्वको आलोचना गर्‍यो (तामाङ, सन् २००९, पृ. ६१–७२)। यस चरणमा वर्ग, जातीयता र क्षेत्रीय असमानतासँग सम्बन्धित अन्तरसम्बन्धीय नारीवादी सक्रियता वृद्धि भयो (शर्मा र प्रधान, सन् २००४, पृ.५६)।

## *द्वन्द्वोत्तर नारीवादी संवैधानिकता र राजनीतिक सहभागिता (सन् २००६-२०१५)*

२०६३ को शान्ति सम्झौता र तत्पश्चात् संविधान निर्माण प्रक्रियाले नारीवादी कानुनी वकालतलाई नयाँ दिशा दियो। नेपालको संविधान २०७२ ले सुरक्षित मातृत्व अधिकार, प्रजनन् स्वायत्तता, समान उत्तराधिकार र अनिवार्य राजनीतिक प्रतिनिधित्वजस्ता प्रगतिशील प्रावधान सुनिश्चितत गर्‍यो (धारा ३८, नेपालको संविधान २०७२)। तथापि आमाबाट नागरिकता प्राप्त गर्ने अधिकारजस्ता विषयमा विभेदकारी कानुनी अवरोध अझै कायम रहेका छन् (अधिकारी, सन् २०२१, पृ.२३; लावती र हेगन, सन् २०१३, पृ.४५)।

## *समकालीन नारीवादी प्रतिरोध (२०७२ पछि)*

हालको नारीवादी आन्दोलन डिजिटल सक्रियता, अन्तरसम्बन्धीय वकालत र संरचनागत शक्ति सम्बन्धको आलोचनामा केन्द्रित भएको छ। #RageAgainstRape आन्दोलन सन् २०२० को बैतडी बलात्कार–हत्या घटनापछि प्रारम्भ भई पीडितकेन्द्रित न्याय, कानुनी उत्तरदायित्व र सांस्कृतिक पुनर्मूल्याङ्कनको माग अघि सार्ने प्रतीकात्मक आन्दोलनका रूपमा विकसित भयो। साथै नारीवादी दलित सङ्गठनजस्ता संस्थाले मुख्यधाराको नारीवादी विमर्शभित्र रहेको जातीय प्रभुत्वको आलोचना गर्दै जात र पितृसत्ता परस्पर–संरचित प्रणाली हुन् भन्ने धारणा अघि सारेका छन् (सुनार, सन् २०२१, पृ.११२)। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारका लागि ब्ल्यू डायमन्ड सोसाइटीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै कानुनी तथा नीतिगत मान्यताको माग गरेको छ। समकालीन नारीवादी बहसले अन्तरसम्बन्धीयताको अवधारणालाई आत्मसात् गरेको छ, जसलाई किम्बार्ले क्रिन्सले प्रतिपादन गरेकी हुन्। यस दृष्टिकोणले जात, वर्ग, लैङ्गिकता, यौनिकता र अपाङ्गताजस्ता पहिचानका बहुस्तरीय आयामले सृजना

गर्ने बहिष्करणका रूपको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ । सञ्चारमाध्यम, विशेषगरी सामाजिक सञ्जाल, पोडकास्ट तथा महिलाकेन्द्रित पत्रकारिताले नारीवादी चेतना विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। न्यायिक दृष्टान्तमा पनि महत्त्वपूर्ण प्रगति भएको छ। उदाहरणका रूपमा मीरा ढुङ्गाना विरुद्ध श्री ५ को सरकार (सन् २००४) ले विभेदकारी नागरिकता प्रावधानलाई असंवैधानिक घोषणा गऱ्यो भने सुनीलबाबु पन्त विरुद्ध नेपाल सरकार (सन् २००७) ले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारलाई कानुनी मान्यता प्रदान गऱ्यो ।

## *अन्तर्राष्ट्रिय प्रतिबद्धता र उत्तरदायित्व संयन्त्र*

नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW), बेइजिङ प्लेटफर्म अफ एक्सन तथा सस्टेनेबल डेभलोपमेन्ट गोल–५ जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुमोदन गरेको छ । यद्यपि कार्यान्वयन पक्ष अझै पनि असमान रहेको छ। नागरिक समाजद्वारा प्रस्तुत आवधिक प्रतिवेदनले राज्य संयन्त्रभित्र लैङ्गिक उत्तरदायित्व प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता औँल्याएका छन् (युएस वुमन, सन् २०२०, पृ.१५; OHCHR Nepal, सन् २०२१, पृ.२८)।

## *नेपालमा महिला अधिकार स्थापनाका चरणगत आन्दोलन*

| ऐतिहासिक चरण | समयावधि (वि.सं.) | विषयगत केन्द्र | प्रमुख विशेषता | आन्दोलनको दायरा | सक्रियताको स्तर |
|---|---|---|---|---|---|
| प्रारम्भिक सुधार वादी चरण | २००८ सम्म | राणा शासन विरुद्ध सुधार वादी चेतना | राणा शासन अन्त्यको माग, समान शिक्षा र अधिकारको पक्षमा आवाज; पितृसत्तात्मक संरचना विरुद्ध प्रारम्भिक महिला चेतनाको उदय | न्यून | उदयशील |
| राजनीतिक प्रभुत्व चरण | २००८–२०१७ | राजनीतिक मुद्दा प्रधान | राष्ट्रिय राजनीतिक एजेन्डाले आन्दोलन निर्देशित, लैङ्गिक असमानता जस्ता मुद्दा ओझेलमा, नेतृत्वमा महिलाको आवाज सीमित | सीमित | राजनीतिक रूपमा प्रतिक्रियात्मक |
| राज्य–आन्दोलन द्वन्द्व चरण | २०१७–२०३६ | राजनीतिक संलग्नता र नियन्त्रण | राज्य–प्रेरित महिला सङ्गठनहरू र आधार भूत आन्दोलनबिच द्वन्द्व, महिलाकेन्द्रित मुद्दा राजनीतिक प्रभावले ओझेल | साँघुरो | दमनबिच सक्रिय |
| लोकतान्त्रिक सहभागिता विस्तार | २०३६–२०४६ | जनआन्दोलनमा सहभागिता | जनआन्दोलनमा महिलाको उल्लेखनीय सहभागिता, केन्द्रीय संरचना कमजोर भए पनि राजनीतिक सक्रियता बढ्दो | बढ्दो | सङ्गठित |
| गैरसरकारी संस्थामुखी सुधार चरण | २०४६–२०६२/६३ | कानुनी तथा सामाजिक सुधार | नागरिक समाज तथा गैरसरकारी संस्थामार्फत लैङ्गिक न्याय र कानुनी सुधारको वकालत, राष्ट्रियस्तरमा जनचेतना विस्तार | विस्तारित | संरचित |
| द्वन्द्वोत्तर समानता चरण | २०६३–२०७२ | न्याय, समानता र समावेशिता | आर्थिक सशक्तीकरण, सार्वजनिक सहभागिता र संरचनागत विभेद अन्त्यतर्फ जोड, राजतन्त्रको अन्त्यसँगै लोकतान्त्रिक विस्तार, महिला अधिकारलाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न कानुनको निर्माण गरिएको, जसअन्तर्गत नागरिकता ऐन, प्रहरी ऐन, महिला आयोग ऐन, श्रम ऐन, लैङ्गिक समानता कायम गर्न बनेको ऐन, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलगायत महिला अधिकारसँग प्रत्यक्ष सम्बन्धित कानुनी व्यवस्था निर्माण भई कार्यान्वयनमा आएकाले महिलाको अधिकार संरक्षण, समानताको प्रत्याभूति, हिंसाबाट सुरक्षा तथा सामाजिक न्याय स्थापना गर्न महत्त्वपूर्ण आधार प्रदान गरेका | विस्तारशील | तीव्र |

| | | | | | |
|---|---|---|---|---|---|
| संवैधानिक सुदृढीकरण चरण | २०७२– हालसम्म | कानुनी सशक्तीकरण र वास्तविक समानता | २०७२ को संविधान तथा देवानी–फौजदारी संहितामार्फत महिला अधिकारको संवैधानिक संरक्षणन्न व्यावहारिक समानताको कार्यान्वयनमा जोड | व्यापक | संस्थागत |

## *महिला आन्दोलनका आधारभूत सङ्घर्ष र निरन्तरता*

नेपालको महिला आन्दोलन राष्ट्रको सामाजिक–राजनीतिक संरचनासँग गहिरो रूपमा गाँसिएको ऐतिहासिक प्रक्रिया हो, जसले संरचनागत असमानता, पितृसत्तात्मक प्रभुत्व तथा संस्थागत अन्यायविरुद्ध दीर्घकालीन प्रतिरोधलाई प्रतिबिम्बित गर्दछ । यो आन्दोलन केवल प्रतिरोधको इतिहास मात्र नभई राज्यनिर्माण, नागरिक सशक्तीकरण तथा मूल्यगत रूपान्तरणतर्फको सचेत सहभागिताको पनि अभिव्यक्ति हो। यसको ऐतिहासिक निरन्तरता तथा समकालीन प्रासङ्गिकता मुख्यतः चार आधारभूत आयामबाट निर्देशित भएको देखिन्छ—

***प्रथम–*** नेपाली महिलाको राजनीतिक चेतना प्रायः राष्ट्रिय राजनीतिक अस्थिरता र दमनका अवधिमा प्राप्त अनुभवजन्य सहभागिताबाट विकसित भएको हो। धेरै महिलाले सार्वजनिक आन्दोलनमा 'प्राक्सिस बेस्ड कन्ससनेस' अर्थात् जीवन्त अनुभव र प्रतिरोधमार्फत् विकसित हुने चेतनाबाट प्रवेश गरेका थिए (क्लार्के, सन् १९९५, पृ.४२, रवङलर, सन् १९९०, पृ. ३७)। निरङ्कुश शासनका क्रममा परिवारका सदस्यको बेपत्ता पारिनु, कारावास वा यातनाजस्ता अनुभवले महिलामा राजनीतिक सचेतना तथा ऐक्यबद्धता निर्माण गऱ्यो, जसले व्यक्तिगत पीडालाई सामूहिक नारीवादी सक्रियतामा रूपान्तरण गऱ्यो (तामाङ, सन् २००९, पृ.७८)।

***दोस्रो–*** स्थानीय तहका आन्दोलन सामाजिक बहिष्करण, जातीय र लैङ्गिक विभेद र सामन्तवादी संरचनाबाट उत्पन्न अन्तरविषयक दमनको प्रत्यक्ष प्रतिक्रियाका रूपमा विकसित भए । यस्ता पहलले न्याय र समानताको व्यापक विमर्शलाई गति दिए । सन् १९९० को जनआन्दोलनदेखि १९९६–२००६ को माओवादी द्वन्द्वसम्म महिलाहरू परिधीय होइन, नागरिक चेतना निर्माणका केन्द्रीय सहभागीका रूपमा उदाए। यी घटनाले नारीवादी सामूहिकताको आधार तयार पार्दै महिलाको कानुनी र सामाजिक पहिचान विस्तार गर्ने विमर्शलाई अघि बढाए (श्रेष्ठ र तामाङ, सन् २०१५, पृ.६४; मानचन्द, सन् २००१, पृ.५२)।

***तेस्रो–*** औपचारिक राजनीति र शासन संरचनामा सहभागिता विना संरचनागत परिवर्तन सम्भव हुँदैन भन्ने बोध आन्दोलनभित्र विकसित भयो । यसले संस्थागत प्रतिनिधित्वको मागलाई बलियो बनायो । सन् १९९० र सन् २००६ का लोकतान्त्रिक आन्दोलनले महिला अधिकारसम्बन्धी बहसलाई तीव्रता दिए। यसको परिणामस्वरूप जारी भएको नेपालको संविधान–२०७२ ले राज्यका सबै तहमा कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व अनिवार्य गर्दै लैङ्गिक समावेशितालाई संवैधानिक रूपले सुनिश्चितत गऱ्यो (धारा ८४, नेपालको संविधान २०७२) । यो उपलब्धि महिला सङ्गठनको दीर्घकालीन वकालत र राजनीतिक सक्रियताको प्रत्यक्ष परिणाम थियो (भद्र, सन् २०२१, पृ.१५)।

***चौथो–*** समयक्रमसँगै महिला आन्दोलन राज्यको कानुनी र संस्थागत संरचनामा सुधार ल्याउने संरचनात्मक पहलमा रूपान्तरण भयो । नारीवादी सक्रियताले कानुन र शासन व्यवस्थाभित्र गहिरो रूपमा जरा गाडेका पितृसत्तात्मक मान्यतालाई चुनौती दिँदै नीतिगत परिवर्तनका लागि दबाब सृजना गऱ्यो । उदाहरणका रूपमा घरेलु हिंसा (कसुर र सजाय) ऐन–२०६६ तथा मुलुकी अपराध संहिता–२०७४ जस्ता कानुनी प्रावधानले महिला अधिकारसम्बन्धी मागको संस्थागत स्वीकारोक्ति जनाएका छन्,

तथापि, कानुन निर्माण मात्र पर्याप्त हुँदैन, वास्तविक रूपान्तरणका लागि विभेदकारी अभ्यास, लैङ्गिक हिंसा र सामाजिक रूढीवादी धारणा हटाउने व्यापक पहल आवश्यक रहन्छ (युएस वुमन नेपाल, सन् २०२३, पृ.२२)।

## नेपालमा लैङ्गिक मुक्तिका अवरोध

नेपालमा लैङ्गिक समानताका लागि संवैधानिक तथा कानुनी प्रगति भए तापनि संरचनागत, सांस्कृतिक र संस्थागत अवरोध अझै कायम छन्। कानुनी प्रावधान र वास्तविक जीवनको अनुभवबिचको दुरीले पितृसत्तात्मक प्रणाली, सामाजिक–आर्थिक असमानता र रूपान्तरणप्रतिको सांस्कृतिक प्रतिरोधलाई देखाउँछ। नेपालमा लैङ्गिक मुक्तिका अवरोध बहुआयामिक छन्। वास्तविक समानताका लागि संरचनात्मक रूपान्तरण, अन्तरसम्बन्धीय नीति, लैङ्गिक संवेदनशील शासन र निरन्तर सामाजिक आन्दोलन आवश्यक छ।

## कानुनी तथा संस्थागत असङ्गति

नेपालको संविधान २०७२ को धारा १८ र ३८ ले समानता र महिला अधिकार सुनिश्चितत गरे पनि कार्यान्वयन कमजोर र प्रतीकात्मक छ। आमाबाट नागरिकता प्राप्त गर्ने संवैधानिक व्यवस्था व्यवहारमा पितृसत्तात्मक वंश प्रणालीका कारण सीमित गरिएको छ (अधिकारी, सन् २०२१, पृ.११)। न्यायिक प्रणालीमा लैङ्गिक पूर्वाग्रह तथा कमजोर संस्थागत उत्तरदायित्व देखिन्छ (श्रेष्ठ, सन् २०१९, पृ. २२)।

## सांस्कृतिक प्रतिनिधित्व र प्रतीकात्मक सहभागिता

महिलालाई हेरचाहकर्ता र नैतिक संरक्षकका रूपमा प्रस्तुत गर्ने सांस्कृतिक दृष्टिले सारभूत सशक्तीकरणलाई कमजोर बनाएको छ। संसद्मा कोटा प्रणालीमार्फत महिला सहभागिता भए पनि निर्णय प्रक्रियामा प्रभाव सीमित छ। यसलाई फ्रासेर (सन् १९९७) ले 'मिसरिकग्निसन' भनेकी छन्।

## आर्थिक असमानता

महिलाको श्रमबजार सहभागिता करिब २६.३% मात्र रहेको छ (आइएलओ, सन् २०२३, पृ.१४)। महिलाहरू अनौपचारिक र कम पारिश्रमिकका क्षेत्रमा केन्द्रित छन्, जहाँ पुरुषको तुलनामा औसत ३० प्रतिशत कम ज्याला पाइन्छ (विश्व बैँङ्क, सन् २०२२, पृ.२५)। भेदभावपूर्ण भर्ती अभ्यास र वित्तीय पहुँचको अभाव आर्थिक बहिष्करणका मुख्य कारण हुन्।

## शिक्षामा असमानता

महिला साक्षरता २०११ को ४२% बाट २०२१ मा २५% मा बढे पनि उच्च शिक्षा, विशेषगरी STEM क्षेत्रमा महिला सहभागिता न्यून छ (आचार्य र लुईंटेल, सन् २०२०, पृ. ११)। दलित, मुस्लिम र ग्रामीण बालिकामा बहुआयामिक बहिष्करण बढी छ (क्रेनसा, सन् १९८९, पृ.१३९–१६७ र FEDO, सन् २०२२, पृ.९७)।

लैङ्गिक हिंसा

एकतिहाइभन्दा बढी नेपाली महिलाले जीवनकालमा शार ीरिक वा यौनहिंसा भोगेका छन् (युएन वुमन, सन् २०२३, पृ.६)। घरेलु हिंसा, बलात्कार र कार्यस्थल उत्पीडन उच्च छ। सन् २०२० को बैतडी घटनापछि सुरु भएको ३च्बनभब्नबष्लकतच्बउभ आन्दोलनले न्याय प्रणालीको कमजोरी उजागर गरेको छ।

## प्रजनन् स्वास्थ्यमा असमानता

संविधानको धारा ३८ ले प्रजनन् स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा सुनिश्चितत गरे पनि ग्रामीण र सीमान्तकृत क्षेत्रमा पहुँच कमजोर छ। सुरक्षित प्रसूति सेवा, महिनावारी स्वच्छता र गर्भनिरोधक पहुँचमा अभाव कायम छ (MoHP & UNFPA, सन् २०२२, पृ.२–५)।

### राजनीतिक प्रतिनिधित्वको समस्या

संवैधानिक रूपमा ३३ प्रतिशत महिला प्रतिनिधित्व भए पनि अधिकांश महिला कोटा प्रणालीमार्फत् राजनीतिमा प्रवेश गरेका छन्, जसले यथार्थ राजनीतिक सशक्तीकरण सीमित गरेको छ (शर्मा, सन् २०२१, पृ.५७–५८)।

### डिजिटल लैङ्गिक हिंसा

डिजिटल माध्यम नारीवादी अभिव्यक्तिका लागि उपयोगी भए पनि अनलाइन दुर्व्यवहार र साइबर हिंसा बढ्दो छ (थापा, सन् २०२२, पृ.८)।

### अन्तर्राष्ट्रिय प्रतिबद्धता र कार्यान्वयनमा अन्तर

नेपालले CEDAW, Beijing Platform for Action (१९९५) र SDG–५ मा प्रतिबद्धता जनाए पनि कार्यान्वयन कमजोर छ (OHCHR, सन् २०२१, पृ.३३)।

### सामाजिक रूपान्तरणको उत्प्रेरक

नारीवाद एक रूपान्तरणकारी विचारधारा र सामाजिक आन्दोलन हो, जसको मुख्य लक्ष्य सबै लैङ्गिक समूहबिच समानता स्थापना गर्नु हो। विशेषगरी यसले ऐतिहासिक रूपमा महिलालाई सीमान्तकृत गर्ने पितृसत्तात्मक संरचनाको विघटनमा जोड दिन्छ। नारीवादी आन्दोलनको मूल उद्देश्य लैङ्गिक समानतालाई केवल कानुनी आदर्श वा प्रतीकात्मक प्रतिज्ञामा सीमित नगरी जीवनका सबै क्षेत्रमा व्यावहारिक वास्तविकताका रूपमा स्थापित गर्नु हो (कन्नेल, सन् २००९, पृ. ११)। लैङ्गिक समानताले व्यक्तिको लिङ्ग अथवा लैङ्गिक पहिचानका आधारमा हुने औपचारिक समान व्यवहार मात्र होइन, असमानता उत्पादन गर्ने सामाजिक प्रणालीको पुनर्संरचनालाई पनि जनाउँछ। राजनीतिक, आर्थिक, शैक्षिक तथा सांस्कृतिक क्षेत्रमा महिला, पुरुष तथा लैङ्गिक विविध समूहको समान सहभागिताले राष्ट्रको समावेशी शासन, नवप्रवर्तन र दिगो विकासलाई प्रवर्द्धन गर्दछ (सेन, सन् २००१, पृ.२१ रयुएन वुमन, सन् २०२३, पृ.५२)। नारीवादले जात, वर्ग, धर्म वा जातीयतामा आधारित सामाजिक पदानुक्रमलाई चुनौती दिँदै विकासका प्रयास सबै समुदायको आवश्यकतासँग मेल खाने हुनुपर्ने धारणा अघि सार्छ। सामाजिक न्याय तब मात्र सम्भव हुन्छ, जब संस्थागत र व्यक्तिगत तहमा रहेको विभेद अन्त्य हुन्छ। नारीवादी कानुनी सिद्धान्तले लैङ्गिक अन्यायबाट प्रभावित समूहको संरक्षणका लागि प्रभावकारी कानुनी संरचना आवश्यक हुने बताउँछ (म्याककिन्नन, सन् १९८९, पृ. ९८)। नारीवादी अभ्यासले महिला अधिकारको प्रवर्द्धन कुनै समूहलाई विशेष प्राथमिकता दिनु नभई ऐतिहासिक रूपमा सिर्जित असन्तुलनलाई सुधार गरी सामूहिक मानवीय समृद्धि सुनिश्चितत गर्ने उद्देश्य राख्छ (हुक्स, सन् २०००, पृ.३९)। कठोर सामाजिक श्रेणीकरण भएको समाजमा जात, वर्ग, धर्म अथवा अन्य पहिचानसँग अन्तरसम्बन्धित विभेदले समानताको सिद्धान्तलाई चुनौती दिन्छ। त्यसैले नारीवादले समानता केवल सतही समानतामा होइन, अवसर, स्रोत र सम्मानको न्यायोचित वितरणमा आधारित हुनुपर्ने धारणा राख्छ (फ्रेसर, सन् २००९, पृ.९९)।

नारीवादी आन्दोलन मूलतः संरचनागत परिवर्तनको अभियान हो, जसले केही समूहको विशेष अधिकार तथा अरूको दमनलाई कायम राख्ने संस्था र मानसिकतालाई चुनौती दिन्छ। यस प्रक्रियामा अवसरको समानता मात्र होइन, असमानता उत्पादन गर्ने सामाजिक अवस्थाको रूपान्तरण पनि आवश्यक हुन्छ (नसबम, सन् २०११, पृ. २०)। वास्तविक मुक्ति त्यस्तो समाजको निर्माण हो, जहाँ लिङ्गका आधारमा अधिकार, स्रोत, सम्मान र शक्तिमा पहुँच निर्धारण हुँदैन। यस्तो परिवर्तन कानुनी समानताभन्दा माथि उठेर समावेशी, न्यायपूर्ण र रूपान्तरणमुखी सामाजिक संरचना निर्माणतर्फ उन्मुख हुन्छ। यो लक्ष्य सामूहिक कार्य, समालोचनात्मक चेतना र न्यायप्रतिको साझा प्रतिबद्धतामार्फत् निरन्तर अघि बढ्नुपर्छ।

## निष्कर्ष

कानुनी उपलब्धि, लामो समयदेखिको आन्दोलन र

सामाजिक सचेतना अभियानका बाबजुद पनि धेरै नेपाली महिलाको दैनिक जीवन अझै पितृसत्तात्मक संरचना, सांस्कृतिक रूढिवाद र संस्थागत बहिष्करणबाट प्रभावित छ । पितृसत्तात्मक सामाजिक प्रणालीले महिलालाई मुख्यतः निजी क्षेत्रभित्र सीमित गर्दै सार्वजनिक नेतृत्वमा उनीहरूको सहभागिता कमजोर बनाएको छ । यसले महिलाको श्रमलाई प्रायः अवैतनिक घरेलु तथा प्रजनन् कार्यमा सीमित गरी सामाजिक मान्यता र स्वायत्तताबाट वञ्चित गरेको छ। नेपालमा लैङ्गिक समानता र महिला अधिकारको प्राप्तिलाई केवल कानुनी व्यवस्थामा सीमित राख्न सकिँदैन, यो आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक संरचनामा गहिरो रूपान्तरण आवश्यक पर्ने बहुआयामिक प्रक्रिया हो । लैङ्गिक समावेशितालाई राष्ट्रिय योजना, सार्वजनिक बजेट र संस्थागत अभ्यासमा एकीकृत गर्नुपर्छ। आर्थिक सशक्तीकरणका लागि जमिन, पैतृक सम्पत्ति, वित्तीय स्रोत, सम्मानजनक रोजगारी र निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गर्न आवश्यक छ। बाल्यकालदेखि नै लैङ्गिक रूढिवाद विघटन गर्ने र सशक्तीकरणको प्रवर्द्धन गर्ने रूपान्तरणकारी शिक्षाप्रणाली विकास गर्नुपर्छ। दलित, जनजाति, मधेसी तथा यौनिक अल्पसङ्ख्यक समुदायद्वारा नेतृत्व गरिएका स्थानीय नारीवादी आन्दोलनलाई समावेशी लोकतन्त्र निर्माणका लागि समर्थन र विस्तार गर्नुपर्छ। समकालीन चुनौतीहरू; जस्तै– डिजिटल लैङ्गिक हिंसा, राजनीतिक प्रतीकात्मक प्रतिनिधित्व, लैङ्गिक आधारित हिंसा र स्वास्थ्य सेवामा असमान पहुँचले अन्तरसम्बन्धीय र सन्दर्भकेन्द्रित नारीवादी रणनीति आवश्यक बनाएको छ । अन्तरसम्बन्धीयताले जात, वर्ग, भूगोल, क्षमता र यौनिक पहिचानजस्ता बहुआयामिक कारकले बहिष्करणका फरक रूप सिर्जना गर्ने देखाउँछ, जसका लागि खण्डित वा प्रतीकात्मक प्रयास अपर्याप्त हुन्छन्। नेपालमा रूपान्तरणकारी लैङ्गिक न्याय प्राप्त गर्न सरकार, नागरिक समाज, शिक्षा क्षेत्र, सञ्चारमाध्यम र कानुनी संस्थाबिच समन्वयात्मक प्रयास आवश्यक छ। यो प्रक्रियाले दमनकारी संरचनाको विघटन मात्र होइन, सबै लैङ्गिक समूहका लागि समान अवसर, मानवीय गरिमा र अधिकार सुनिश्चितत गर्ने समाज निर्माणलाई लक्ष्य बनाउनुपर्छ। विकास र महिला सशक्तीकरणबिच घनिष्ठ सम्बन्ध रहेको छ। त्यसैले महिलाको अवस्थामा सुधारसँग राष्ट्रिय प्रगति अभिन्न रूपमा जोडिएको हुन्छ। नेपाली नारीवादी आन्दोलनले प्रतिरोध, समालोचना र पुनर्संरचनाको साहसी मार्ग तय गरेको छ। भविष्यमा यो आन्दोलन ऐक्यबद्धता, अन्तरसम्बन्धीयता र समालोचनात्मक आत्मचिन्तनमा आधारित रही समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माणको दिशामा अघि बढ्नुपर्छ।

## *सन्दर्भ सामग्रीसूची*


नेपाल सरकार (सन् २०२१). *राष्ट्रिय जनगणना प्रतिवेदन.* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग।

नेपाल सरकार (२०७४). *नेपालको दिवासी तथा फौजदारी संहिता.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (सन् २०१७). *स्थानीय तह निर्वाचन ऐन.* काठमाडौँ : .कानुन किताब व्यवस्था समिति।

Acharya, M. (1994). *The statistical profile of Nepalese women: An update in the policy context.* Kathmandu: IIDS.

Acharya, M. (2019). Women and Social Transformation in Nepal. Kathmandu: T.U. Central Dept. of Sociology.

Acharya, M. (2023). *Gender and Power in Nepali Politics.* Kathmandu: NIDS Press.

Acharya, S., & Luitel, S. (2020). *Gender and education in Nepal: Barriers and policy gaps.* Kathmandu: Policy Research Institute.

Adhikari, A. (2021). *Citizenship rights and gender discrimination in Nepal.* Kathmandu: Martin Chautari.

Beasley, C. (1999). *What is feminism? An introduction to feminist theory.* London: Sage Publications.
Bhadra, C. (2021). Women's Political Participation in Nepal: Achievements and Challenges. *Journal of Development and Social Engineering.* 7(1), 12–30. https://doi.org/10.3126/jdse.v7i1.36021
Clarke, G. (1995). *Development, Society and Environment: Women and Political Transformation in Nepal.* New Delhi: Anmol Publications.
Connell, R. (2009). *Gender in World Perspective* (2nd ed.). Polity Press.
Crenshaw, K. (1989). *Demarginalizing the intersection of race and sex*. University of Chicago Legal Forum, 1989(1), 139–167.
Fraser, N. (2009). Scales of Justice: Reimagining Political Space in a Globalizing World. Columbia University Press.
Ghimire, B. (2024). 'Dalit Women in Local Governance.' *The Kathmandu Post.*
Hooks, B. (2000). *Feminism is for everybody: Passionate politics.* South End Press.
Lawoti, M., & Hangen, S. (2013). *Nationalism and ethnic conflict in Nepal: Identities and mobilization after 1990.* Routledge.
MacKinnon, C. A. (1989). *Toward a Feminist Theory of the State.* Harvard University Press.
Manandhar, K. (2002). 'Legal Reforms in Nepal: Gender Perspective'. *Nepal Law Review.* 25(1), 1–17.
Narayan, U. (1997). *Dislocating cultures: Identities, traditions, and third world feminism.* Routledge.
Neupane, S. (2023). *Gender, Law and Politics in Nepal.* Kathmandu: Martin Chautari.
Nussbaum, M. C. (2011). *Creating Capabilities: The Human Development Approach.* Harvard University Press.
Sharma, J. R. (2021). 'Women's political participation in Nepal: Illusions of representation'. *Nepal Law Review.* 34(2), 75–98.
Shrestha, S. (2019). 'Gender, law, and power: A feminist reading of the Nepali judiciary'. *Nepal Bar Journal.* 40(1), 45–67.
Sunar, B. K. (2021). 'Dalit feminism in Nepal: Contesting patriarchy and casteism'. *Asian Journal of Women's Studies.* 27(3), 341–359.
Tamang, S. (2009). 'The Politics of Conflict and Difference or the Difference of Conflict in Politics: The Women's Movement in Nepal'. *Feminist Review.* 91(1), 61–80. https://doi.org/10.1057/fr.2008.49
Thapa, A. (2022). 'Feminism in the digital age: Resistance and backlash in Nepal'. *Media Studies Journal.* 12(1), 31–47.
Walby, S. (1990). *Theorizing patriarchy.* Oxford: Basil Blackwell.
World Bank. (2022). Gender data portal: Nepal.